# कृषि तथा वन विज्ञान विश्वविद्यालय
## सेवा आयोगको कार्यालय
### रामपुर, चितवन ।

प्रथम पटक प्रकाशित मिति :२०७१/७/२

## विज्ञापन सम्बन्धि सूचना

(शैक्षिक पदहरुको लागि दरखास्त आव्हान)

**विज्ञापन नं.०३ खुल्ला**

कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत निम्न संकायमा निम्नलिखित विषयको उप-प्राध्यापक पद खुल्ला /समावेशी लिखित तथा अन्तरवार्ता प्रतियोगिता द्धारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक शैक्षिक योग्यता र सेवा शर्त पुरा गरेका योग्य नेपाली नागरिकहरुबाट गोरखापत्रमा प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र र दोब्बर दस्तुर तिरेर दरखास्त दिने अन्तिम मितिले ७ (सात) दिन भित्र कृषि तथा वन विज्ञान विश्वविद्यालय सेवा आयोगको कार्यालय भरतपुर, हाकिमचोक, चितवनमा आई पुग्ने गरि २/२ प्रतिका दरले निम्नलिखित कागजात सहित दरखास्त आह्वन गरिन्छ । दरखास्त फारम २०७१।७२ गते देखि यस सेवा आयोगको कार्यालयबाट रु १००।- तिरी प्राप्त गर्न सकिनेछ । विदेशमा रहेका नेपालीहरुले पनि वेभ साइटबाट आवेदन फर्म डाउनलोड गरि इमेल मार्फत (chairmansc@afu.edu.np) डबल दस्तुर तिरि आवेदन गर्न सकिनेछ । तर परीक्षा दिन आउदा सक्कल प्रमाण पत्रहरु अनिवार्य ल्याउनु पर्नेछ । म्याद नाघि प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

१. शैक्षिक योग्यताको प्रमाणपत्रहरु र लव्धाङ्क पत्रका प्रमाणित प्रतिलिपिहरु (विदेशबाट पास गरेको हकमा नेपालका विश्वविद्यालयले समान स्तर कायम गरेको पत्र)

२. अनुभवको प्रमाण पत्र ।

३. नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

४. हाल सालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति ।

५. व्यक्तिगत बायोडाटा ८ प्रति ।

६. तोकिएको परिक्षा शुल्क बुझाएको बैंक भौचर ।

७. प्रकाशित कृतिहरु : सम्बन्धित विषयको पाठ्यपुस्तक, अनुसन्धानात्मक ग्रन्थ, सम्बन्धित विषयको अनुसन्धानात्मक प्रतिवेदन, शोध निर्देशन गरिएको प्रमाणित पत्र र प्रकाशित लेखहरु ।

८. सर्म्पक मिति :२०७१ साल माघ ५ गते ।

९. सम्पर्क स्थान : कृषि तथा वन विज्ञान विश्वविद्यालय, सेवा आयोगको कार्यालय हाकिमचोक, भरतपुर, चितवन । सम्पर्क फोन नं. ०५६-५२२८५०

## कृषि संकाय तर्फ

| क्र.स. | विषय | आवश्यक संख्या | खुल्ला | समावेशी |
|---|---|---|---|---|
| १. | कृषि तथ्याङ्क शाश्त्र | ०१ (एक) | ०१ | |
| २. | जैविक प्रविधि (पशु) | ०१ (एक) | ०१ | |
| ३. | जैविक प्रविधि (कृषि) | ०१ (एक) | ०१ | |

## पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय तर्फ

| क्र.सं. | विषय | आवश्यक संख्या | खुल्ला | समावेशी |
|---|---|---|---|---|
| १. | एनिमल न्युट्रीसन | ०१ (एक) | ०१ | |
| २. | लाइभस्टक प्रोडक्सन एण्ड मेनेजमेन्ट | ०१ (एक) | ०१ | |
| ३. | एनिमल ब्रिडिङ्ग | ०१ (एक) | ०१ | |
| ४. | भेट् एनाटोमी | ०१ (एक) | ०१ | |
| ५. | भेट् पारासाइटोलोजि | ०१ (एक) | ०१ | |
| ६. | भेट् सर्जरी | ०१ (एक) | ०१ | |
| ७. | भेट् माइक्रोवायोलोजि | ०१ (एक) | ०१ | |
| ८. | भेट् फर्माकोलोजि | ०१ (एक) | ०१ | |
| ९. | भेट् थेरियोजिनोलोजी | ०१ (एक) | ०१ | |
| १०. | भेट् प्याथोलोजि | ०१ (एक) | ०१ | |
| ११. | मत्स्य विज्ञान | ०२ (दुई) | ०१ | ०१ |

## वन विज्ञान संकाय तर्फ

| क्र.स. | विषय | आवश्यक संख्या | खुल्ला | समावेशी |
|---|---|---|---|---|
| १. | वाइल्डलाईफ मेनेजमेन्ट | ०१ (एक) | ०१ | |
| २. | बायोमेट्रीक्स | ०१ (एक) | ०१ | |

**उप-प्राध्यापक खुल्ला पदको लागि आवश्यक न्युनतम योग्यता**

१. सम्बन्धित विषयमा पीएच.डी वा प्रथम श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण भई एम.फिल गरेको ।

अथवा

सम्बन्धित विषयमा प्रथम श्रेणीमा एम.एस्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरि क्याम्पस (महाविद्यालय) मा सम्बन्धित विषयमा कम्तिमा १ वर्ष पढाएको वा सम्बन्धित प्राविधिक क्षेत्रमा कम्तिमा २ वर्ष काम गरेको अनुभव प्राप्त ।

अथवा

सम्बन्धित विषयमा द्बितिय श्रेणीमा एम.एस्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरी क्याम्पस (महा विद्यालय) मा सम्बन्धित विषयमा कम्तिमा २ वर्ष पढाएको वा सम्बन्धित प्राविधिक क्षेत्रमा कम्तिमा ४ वर्ष काम गरेको अनुभव प्राप्त ।

**द्रष्टव्य :**

१. लिखित परीक्षाको मिति सर्म्पक मितिको दिन यस कृषि तथा वन विज्ञान विश्वविद्यालय सेवा आयोगको कार्यालयको सूचना पाटिमा टाँसिने छ ।

२. उप प्राध्यापक पदको प्रतियोगिताको लागि ३ घण्टाको लिखित परीक्षा हुनेछ ।

(विस्तृत जानकारीको लागि website www.afu.edu.np मा पाठ्यक्रम हेर्नु होला)

**खुल्ला प्रतियोगिताको लागि उम्मेदवार हुन नपाउने व्यवस्था :**

खुल्ला प्रतियोगितामा देहायको अवस्थामा कुनै पनि व्यक्ति विश्वविद्यालय सेवाका लागि उम्मेदवार हुन वा रहन पाउने छैन :

क. २१ वर्ष उमेर पूरा नभएका ।

ख. ४५ वर्ष उमेर पूरा भएका ।

ग. विश्वविद्यालय सेवा वा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त गरिएका ।

**समावेशीतर्फ छुट्याईएका पदमा दरखास्त दिँदा देहायका आधारमा दिनु पर्नेछ :**

१. **आदिवाशी/जनजाति**
आदिवाशी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एक भन्दा वढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

२. मधेशी

मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके वमोजिमको संस्थावाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

३. दलित

दलितका हकमा राष्ट्रिय दलित आयोगवाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगवाट सूचिकृत भएको जाति भित्र एक भन्दा वढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

४. अपाङ्ग

अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्वाट अपाङ्गता प्रमाणित गरेको आधारमा ।

५. पिछडिएको क्षेत्र

पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बजाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्दछ । पिछडिएको क्षेत्र समूहवाट आवेदन दिनेहरुले यहाँ उल्लेख भएका जिल्लामा स्थायी बसोवास गरी सम्वन्धित जिल्लावाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्वन्धित गाउँ विकास समिति वा नगरपालिकावाट हाल सोही स्थानमा स्थायी बसोवास भएको भनी प्रमाणित गरेको पत्र दरखास्त साथ पेश गर्नु पर्नेछ ।